# लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८१

(गाउँ सभाको १६औ अधिवेशनको मितिः- २०८१।०३।३० गतेको तेस्रो बैठकबाट स्वीकृत)

**प्रस्तावनाः**

लुङ्ग्री गाउँपालिकामा बस्ने सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्न, समुदायलाई सभ्य, शिष्ट, सुसज्जित, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन, लैङ्गिक हिंसा तथा घरेलु हिंसा लगायतका सामाजिक विकृति घटाउन र राजस्व नीतिका माध्यमद्वारा मदिराको अव्यवस्थित उत्पादन, बिक्री वितरणलाई नियमन, नियन्त्रण तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी सोही ऐनको दफा ११ को उपदफा (४) ख. (१३) बमोजिमको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही लुङ्ग्री गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन लुङ्ग्री गाउँपालिकाको गाउँ सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि तुरुन्त लागू हुनेछ ।

(३) यो ऐन लुङ्ग्री गाउँपालिको क्षेत्रभित्र मात्र लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,

(क) "घरेलु मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ लाई जनाउँछ र सो शब्दले परम्परागत प्रविधिको प्रयोग गरी घरेलु रुपमा उत्पादित जाँड, रक्सी, छ्याङ समेतलाई जनाउँछ ।

(ख) "मदिरा" भन्नाले व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट लाई जनाउँछ ।

(ग) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(घ) "अनुमतिपत्र" भन्नाले गाउँपालिका वा अन्य सम्वन्धीत निकायले मदिरा विक्री वितरणका लागि दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ङ) यस ऐनमा “सार्वजनिक स्थल” भन्नाले गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, विद्यालय, धार्मिक स्थल, बैंक, प्रहरी चौकी, सहकारी संस्था, सामुदायिक संघ संस्था, क्लब, समूह लगायत नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायको स्वामित्वमा रहेका संस्थाहरुले चर्चेको सरकारी जग्गा, क्षेत्रफल वा परिसर सम्झनु पर्छ ।

३. **<u>मदिराको उत्पादनमा नियन्त्रण</u>:** (१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

(२) कुनै वडा कार्यालयले वडा समिति वा वडाका सरोकारवालाहरूको आम सहमतिमा आफ्नो वडालाई मदिरा निषेधित वडा घोषणा गरेमा सो वडामा कुनै पनि व्यक्ति वा फर्मलाई मदिराको उत्पादन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

४. **<u>मदिराको बिक्री वितरणमा नियन्त्रण</u>:** (१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने पसल थाप्न पाउने छैन ।

(२) कुनै वडा कार्यालयले वडा समिति वा वडाका सरोकारवालाहरूको आम सहमतिमा आफ्नो वडालाई मदिरा निषेधित वडा घोषणा गरेमा सो वडामा कुनै पनि व्यक्ति वा फर्मले मदिराको बिक्री वितरण गर्न पाउने छैन ।

५. **<u>मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज</u>:** (१) प्रथा, परम्परा, धार्मीक प्रयोजनको लागि तोकिएको परिणाम बाहेक खुला तथा घरेलु मदिराको उत्पादन, ओसार पसार तथा विक्रि वितरण र सेवन गर्न पाइने छैन ।

(२) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा राखी मदिराको उत्पादन तथा विक्री वितरण गर्न हुदैन।

(३) कसैले पनि बीस वर्ष उमेर पूरा नगरेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई मदिरा विक्री वितरण तथा ओसारपसार गर्न गराउन पाइने छैन ।

(४) मदिराको सेवन गरी कुनै सवारी साधन चलाउन पाइने छैन ।

(५) मदिरा सेवन गरी सरकारी कार्यालय, सार्वजनिक सभा, समारोह, बैठक, कार्यक्रम एवं तालिमहरुमा प्रवेश गर्न पाइने छैन र सहभागी हुन समेत पाइने छैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी, पैठारी एवं ओसारपसार गर्न पाउने छैन ।

७. **अनुमतिपत्र लिनु पर्नेः** (१) यस गाउँपालिकाको कुनै पनि वडामा अनुमतिपत्र नलिई कसैले पनि मदिराको उत्पादन, बिक्री, वितरण वा सञ्चय गर्न पाउने छैन ।

(२) अनुमतिपत्रवालाले अनुसूची ४ मा उल्लेखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

८. **अनुमतिपत्र दिनु पर्नेः** (१) अनुमतिपत्र लिने इच्छुक व्यक्ति वा फर्मले अनुमतिपत्र प्राप्त गर्नको लागि अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष समक्ष निवेदन दिनु पर्नेछ ।

(२) सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सचिवले निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा अनुसूची ३ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयलाई सिफारिस लेख्नुपर्नेछ ।

(३) उप दफा (२) बमोजिम गाउँपालिकामा लेखि आएमा योजना शाखाले तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई अनुसूची ३ को ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

९. **अनुमतिपत्र नविकरण गर्नु पर्नेः** (१) अनुमतिपत्रको अवधि एक वर्षको हुनेछ ।

(२) अनुमतिपत्रको अवधि समाप्त भएको १ महिना भित्र मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न गाउँपालिकाले आर्थिक ऐनमा तोकेको दस्तुर सम्बन्धित वडा कार्यालयमा बुझाई नविकरण गर्नु पर्नेछ ।

१०. **अनुमतिपत्र रद्द गर्न सकिनेः** (१) अनुमतिपत्रवालाले अनुसूची ४ को शर्तहरु उल्लङ्घन गरेमा अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

(२) कुनै वडाले मदिरा मुक्त वडा घोषणा गरेमा वा गाउँ कार्यपालिकाले गाउँपालिकालाई मदिरा मुक्त पालिका घोषणा गरेमा अनुमतिपत्र पहिला प्राप्त गरेको भएतापनि उक्त अनुमतिपत्र सो क्षेत्रका लागि रद्द भएको मानिनेछ ।

११. **ऐन लागू नहुने अवस्थाः** यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी तथा घरेलु उपयोगको निमित्त एकपटकमा बढीमा ३ लिटर स्थानीय मदिरा जस्तै रक्सी वा जाँड बनाउन यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्ने छैन ।

**१२. <u>समिति गठन</u>**ः (१) लुङ्ग्री गाउँपालिका भित्र यस ऐन अनुसार मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सेवनलाई अनुगमन तथा नियमन गर्न गाउँपालिकामा पालिकास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिनेछ । जसमा देहाय सदस्यहरू रहनेछन्

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्थानीय प्रहरी प्रमुख/नगर प्रहरी - सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि - सदस्य

(च) स्थानीय पत्रकार प्रतिनिधि - सदस्य

(छ) स्वास्थ्य संयोजक - सदस्य सचिव

(२) प्रत्येक वडामा वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिनेछ । जसमा देहाय सदस्यहरू रहने छन्

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरू, सबै - सदस्य

(ग) स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

(घ) प्रहरी चौकीका प्रमुख - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(३) उप दफा (२) को समितिमा आवश्यकतानुसार स्थानीय टोल विकास संस्था, महिला स्वास्थ्य स्वयंसेविका, महिला/आमा समूह, युवा क्लब, राजनीतिक दल, शिक्षण संस्था, पत्रकार लगायतका सदस्यहरूको प्रतिनिधित्व हुने गरी अधिकतम २१ जना सदस्य सम्मको समिति गठन गर्न सकिनेछ ।

(४) भौगोलिक जटिलतालाई मध्य नजर गरी उप दफा (२) को समितिको मातहत रहने गरी अधिकतम ७ सदस्यीय टोलस्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति समेत गठन गरी अनुगमन गर्न सकिनेछ ।

**१३. <u>समितिको काम, कर्तव्य र अधिकार</u>**ः (१) गाउँपालिकामा पालिकास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति र प्रत्येक वडामा वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिको देहाय बमोजिम काम, कर्तव्य र अधिकार रहनेछन्

(क) समितिले आफ्नो क्षेत्र भित्र नियमित अनुगमन गर्नु पर्नेछ ।

(ख) अनुगमनको क्रममा वा गोप्य सूचनाको आधारमा यस ऐन बमोजिम तोकिएका शर्तहरु उल्लङ्घन भएको भन्ने मनासिव माफिकको कारण भएमा समितिले प्रहरीको सहयोग लिई उक्त स्थानमा खानतलासी गर्न सक्नेछ ।

(ग) तोकिएका शर्तहरु उल्लङ्घन गरेको ठहरेमा मदिरा कब्जा गरी नष्ट गर्नु पर्नेछ र पहिलो पटक भए रु. २,०००।०० (अक्षरेपि दुई हजार रुपैयाँ मात्र) र पटकै पिच्छे सोही कसूर गरेमा रु. ५,०००।०० (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) जरिवाना असुल गर्नुपर्नेछ ।

(घ) समितिले आफ्नो क्षेत्र भित्र नियमित वा आकस्मिक अनुगमन गर्दा अनुसूची ५ बमोजिमका ढाँचामा अनुगमन फाराममा विवरणहरू टिप्नु पर्नेछ ।

(ङ) अनुगमन फाराममा टिपोट गरिएका विवरण उपर गाउँपालिकास्तरीय समितिले आगामी हुने गाउँ सभाको बैठकमा र वडास्तरीय समितिले सम्बन्धित वडाको वडा समितिको बैठकमा पेश गरी छलफल गर्नुपर्ने छ ।

(च) यस ऐन विपरित मदिरा उत्पादन, विक्री वितरण तथा सेवन गरी होहल्ला, गाली बेइज्जती, सार्वजनिक सम्पत्ति क्षति गर्नेलाई समितिले प्रचलित कानून बमोजिम अन्य सजाय तोक्न सक्ने छ ।

१४. **सचेतना कार्यक्रम संचालन गर्ने** : मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिकास्तरमा र वडा कार्यालयले वडास्तरमा कम्तीमा वर्षको १ पटक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१५. **मदिरा मुक्त घोषणा गर्ने सकिने:** (१) यस ऐनमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि वडाका वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति, सम्बन्धित वडा समितिको बैठकको निर्णय र वडा कार्यालयको सिफारिसमा उक्त वडालाई आयातित मदिरा मुक्त वडा वा पूर्ण मदिरा मुक्त वडा घोषणा गर्न सकिनेछ ।

(२) गाउँपालिकाको पालिकास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिको सिफारिस र गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट गाउँपालिकालाई आयातित मदिरा मुक्त गाउँपालिका वा पूर्ण मदिरा मुक्त गाउँपालिका घोषणा गर्न सकिनेछ ।

(३) मदिरा मुक्त घोषणा गरिएको क्षेत्रमा सम्बन्धित कार्यालयले मदिरा मुक्त घोषणा गरिएको सूचना आ-आफ्नो कार्यालयको सबैले देख्न सक्ने स्थानमा टाँस गर्नुपर्नेछ ।

(४) आयातित मदिरा मुक्त वा पूर्ण मदिरा मुक्त भएको क्षेत्रमा मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी, ओसारपसार तथा सेवन गर्न पाइने छैन ।

(५) मदिरा मुक्त क्षेत्रमा मदिरा बिक्री वितरण गरेको पाइएमा नगर प्रहरी वा स्थानीय प्रहरी प्रशासन परिचालन मार्फत मदिरा नियन्त्रणमा लिई नष्ट गरिनेछ र जरिवाना समेत असुल गरिनेछ ।

**१६. <u>पुनरावेदन</u>**ः यस ऐन अन्तर्गत जरिवाना वा सजाय गरिएको विषयमा चित्त नबुझे जरिवाना वा सजाय तोकिएको ३५ दिनभित्र लुङ्ग्री गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

**१७. <u>पुरस्कार तथा दण्ड</u>**ः (१) कसैले यस ऐन विपरीत कार्य गरेको तथ्य प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई बिगोको वा सजाय गरिएको रकमको २० प्रतिशत पुरस्कार दिईने छ र सो व्यक्तिको नाम नामेसी गोप्य राखिनेछ ।

(२) गाउँपालिकाको स्रोतबाट आर्थिक सुविधा प्राप्त गर्ने जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक लगायत अन्य पदाधिकारीले यस ऐनको उल्लङ्घन गरेमा तोकिएको सजायमा थप दुई गुणा दण्ड हुनेछ ।

**१८. <u>संशोधनः</u>** यस ऐनको कुनै दफा वा अनुसूची संशोधन वा परिमार्जन गर्ने अधिकार गाउँ सभालाई हुनेछ ।

अनुसूची १

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

**अनुमतिपत्र प्राप्त गर्न उत्पादक वा विक्रेताले वडा कार्यालयमा दिनु पर्ने निवेदनको नमुना**

मितिः- ............।......।.......

श्री वडा अध्यक्षज्यू,
..... नं. वडा कार्यालय, ...............,
लुङ्ग्री गाउँपालिका, रोल्पा ।

विषयः अनुमतिपत्रका लागि सिफारिस गरिदिनुहुन ।

लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८० ले तोकेको शर्तहरुको अधीनमा रही यस वडामा म/हामी मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न इच्छुक रहेकोले चालू आ.व. .......... को आर्थिक ऐनमा तोकिएको दस्तुर रु..........।०० (अक्षेरेपि...........................) यसै पत्र साथ संलग्न राखी अनुमतिपत्रका लागि सिफारिस गरिदिनुहुन अनुरोध छ ।

निवेदक

पुरा नाम
पान
ठेगाना
सम्पर्क नं.

अनुसूची २

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

**वडा कार्यालयको सिफारिस पत्रको नमुना**

मितिः- ............।......।.......

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
लुङ्ग्री गाउँपालिका, रोल्पा ।

विषयः सिफारिस गरिएको सम्बन्धमा ।

यस वडाका बासिन्दा श्री ........................... (ना.प्र.प्र.न.....................) ले यस वडा कार्यालय समक्ष लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८१ ले तोकेको शर्तहरुको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न निवेदन दिएकोले निजले यस वडा कार्यालयमा पेश गरेको निवेदन र दस्तुर यसै पत्र साथ संलग्न राखी निजलाई अनुमतिपत्रका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

........................
वडा अध्यक्ष

अनुसूची ३
(दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

**फोटो**

# अनुमतिपत्र

| | |
|---|---|
| १) अनुमतिपत्रवालाको पुरा नामः | |
| २) अनुमतिपत्रवालाको ठेगानाः | |
| ३) स्थायी लेखा नम्बरः | |
| ४) मोबाइल नम्बरः | |
| ५) अनुमतिपत्र संख्याः | |
| ६) दस्तुर रकमः | |
| ७) अनुमतिपत्र निर्धारण भएको अवधिः | |
| ८) नविकरण गर्नुपर्ने मितिः | |

लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८१ ले तोकेको शर्तहरुको पालना गर्ने गरी तपाइलाई यस लुङ्ग्री गाउँपालिका, गाउँ सभाको कार्यालयबाट मदिराको उत्पादन, खरिद, बिक्री, वितरण, निकासी, पैठारी, ओसारपसार गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

अनुमतिपत्र जारी गर्ने अधिकृतको
दस्तखतः
नामः
पदः

मितिः

अनुसूची ४
(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

**अनुमतिपत्रवालाले पालना गर्नुपर्ने शर्तहरुः**

१. अनुमतिपत्र र मदिराको मूल्य सूचि सबैले देख्न सक्ने गरी कारोबार स्थलमा राखु पर्नेछ ।

२. मदिराको उत्पादक वा विक्रेताले आफ्नो स्थायी लेखा नम्बरको बिल राखेको हुनुपर्नेछ ।

३. अनुमतिपत्र हरेक वर्ष नविकरण गर्नुपर्नेछ ।

४. बीस वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

५. साँझ ६ बजे देखि रातीको १० बजे सम्म मात्र मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार, सञ्चय तथा सेवन गर्नुपर्नेछ ।

६. सार्वजनिक स्थल देखि कम्तीमा १०० मिटर वरपरको क्षेत्रफलमा मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार, सञ्चय तथा सेवन गर्न पाइने छैन ।

अनुसूची ५
(दफा १३ को उपदफा (१)(घ) सँग सम्बन्धित)

## अनुगमन फाराम

मितिः

| क्र.स. | मदिरा उत्पादक/ विक्रेताको नाम | मदिराको उत्पादन/ बिक्री गरिएको स्थान | अनुमतिपत्र लिएको/ नलिएको | नविकरण गरे/ नगरेको | मूल्य सूची राखे/ नराखेको | बिल बीजक जारी गरे/ नगरेको | उत्पादन/ सञ्चय गरेको मदिराको परिमाण | जफत/ नष्ट गरिएको मदिराको परिमाण | तोकिएको/ असुल गरिएको शुल्क/ जरिवाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

अनुगमनमा संलग्न पदाधिकारीहरूको सूची

| क्र.सं. | पदाधिकारीहरूको नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |